.....................................................................

# कृषक समूहको विधान

..

हरिनास गाउँपालिका

........... नं. वडा

........................... टोल

## ........................................................................................ कृषक समूहको विधान

**प्रस्तावनाः** कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन उत्पादित सामाग्रीहरुको भण्डारण तथा बजार व्यवस्थापन गर्न ......................................... एवं उत्पादन सामाग्री उपलब्ध सुलभ बनाउन बचत संकलनबाट आत्म निर्भर हुनको लागि श्री ............................................... कृषक समूह हरिनास गाउँपालिका वडा नं. ........... को .............................. टोलमा गठन गरियो।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

- यस समूहको नाम ................................................................ समूह रहनेछ ।
- यो विधान समूह गाउँपालिकामा दर्ता भएपछि तुरुन्त लागु हुनेछ ।

**१.२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

- "समूह" भन्नाले यस विधानमा उल्लेखित ........................... गर्ने, कृषकहरुको समूहलाई जनाउनेछ ।
- "सदस्य" भन्नाले ................................उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको व्यात्तिलाई जनाउनेछ।
- "कार्य समिति" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ।
- "साधारण सभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउने छ।

**१.३ समूहको छापः** गोलोघेरा भित्र पृष्ठभुमिमा ....................................................... ...................................................................................... पढ्न सकिनेछ।

**१.४ समूहको कार्यालयः** यस समूहको कार्यालय हरिनास गाउँपालिका वडा नं. ........... को.................................. टोलमा रहनेछ।

**१.५ समूहको दर्ताः** कृषक समूह गाउँपालिकामा दर्ता गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरि स्थाई लेखा नम्बर (PAN) लिनु पर्नेछ।

२. **उद्देश्यः** सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक, हितलाई ध्यान राखि देहाय बमोजिमको उल्लेखित समूहको उद्देश्यहरु हुनेछः

- समूहका सदस्यहरुले आफ्नो आयआर्जन विस्तार गर्न................................................ खेती/पालनलाई बढी प्राथमिकता दिनेछ।
- खाद्यन्न/तरकारी/फलफूल/फूल/मसलाबाली/मौरीपालन/च्याउ खेती/पशुपन्छीपालन लगायतका वालीवस्तुहरुको उत्पादन तथा श्रोत विकास गर्ने।
- समूहको वार्षिक कार्ययोजन बनाइ लागु गर्ने।
- संकलित बचतको उचित ढंगले परिचालन गर्ने एवं समूह वा सदस्यहरुलाई आवश्यक ऋण उपलब्ध गराउने।
- उत्पादित वस्तुहरुको मूल्यमा एकरुपता ल्याई समूहबाट उचित भण्डारण, प्रशोधन र बजार व्यवस्थापन गर्ने एवं बजारीकरण सुविधाका लागि जग्गाको व्यवस्था गरी कृषि/पशुपन्छी उपज संकलन केन्द्र भवन निर्माण गर्न सक्नेछ।
- समूह सदस्यहरुको कृषि/पशुपन्छी तथ्याङ्क संकलन गरी सरोकारवाला निकायहरुलाई उपलब्ध गराउने।
- कृषि/पशुसँग सम्बन्धित अन्य समूह/सहकारी/सरकारी/वित्तीय संघ/संस्थासँग समन्वय गरी सूचना आदन प्रदान गर्ने।
- कृषि/पशुपन्छी व्यवसायमा आइपरेका समस्याहरु संघ्य/प्रदेश/स्थानीय तहका सरोकारवाला निकायहरुमा सम्पर्क गरी समाधानको प्रयास गर्ने र नवप्रवर्द्धन प्रविधिहरुको प्रयोग गरी व्यवसाय विस्तार गर्ने।

३. **सदस्यताः** मिति ............................ का दिन भएको वृहत कृषक भेलाबाट यस समूहमा आवद्ध भएका स्वतः सदस्य हुनेछ।

समूह गठन भइसकेपछि कुनै पनि योगयता पुगेको व्याक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म सञ्चित हितकोष र सो को ब्याज साथै नियम अनुसार

अन्य शुल्क बुझाई कार्यसमितिको सिफारिसका साथ दरखास्त दिएका कृषकलाई यस समूहमा आवद्ध गर्न सकिनेछ ।

**३.१ सदस्यको लागि योग्यताः**

- नेपाली नागरिक भई आफै पशुपालन वा खेतिपाती गर्ने,
- कृषि/पशुपन्छिबाट उत्पादित वस्तुहरु विक्री वितरण गर्ने,
- समूहको विधान अनुसार कार्य गर्न मञ्जुरी भएको,
- कृषक कृषक बिच आपसी सहयोग बढाउन इच्छुक भएको,
- सदस्यताको लागि १८ बर्ष उमेर पुगेको हुनुपर्नेछ ।

**३.२ साधारण सदस्यः** सदस्यता शुल्क रु १०० तिरी निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्तो सदस्यले कार्यसमितिले तोकेको मासिक रकम नियमित रुपमा हितकोषमा जम्मा गर्नुपर्नेछ ।

**३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**: कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहऱ्याई सदस्यता समाप्त गर्न सक्नेछ ।

- तोकिएको मासिक बचत तथा अन्यतिर्नुपर्ने रकमहरु ३ महिनासम्म नतिरेमा,
- विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा,
- अन्य कुनै कारणले कार्यसमितिले निस्कासन गरेमा।
- सदस्यबाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्यसमितिले सदर गरेमा),
- अपाराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा,
- पेशा परिवर्तन गरी अन्य व्यवसाय गरेमा,
- मृत्यु भएमा,
- समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा।

## ४. साधारण सभा तथा कार्यसमिति

४.१ यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारणसभाको सदस्य हुनेछ। जुन समूहको उच्चतम् निकाय हुनेछ।यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ। साधारणसभा बर्षमा एक पटक बस्नेछ।तर आवश्यकता अनुसार जुनसुकैबेला बोलाउन सकिनेछ ।

४.२ साधारण सभाको अधिवेशनः कार्यसमितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यहरुलाई साधारणसभाको स्थान, समय, मिति तथा एजेण्डाको जानकारी गराउनुपर्नेछ।

४.३ साधारण सभाको काम कर्तव्य र अधिकारः

- कार्यसमितिको निर्वाचन तथा गठन गर्ने,
- विधान संशोधन गर्ने,
- वार्षीक बजेटको अनुमोदन गर्ने,
- समूहको वार्षीक कार्यक्रम स्वीकृत गर्ने,
- समूहको वार्षीक कार्ययोजना बनाउने।

४.४ साधारणसभाको गणपुरक संख्याः समूहको साधारणसभाको बैठक कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनुपर्नेछ।यदि सो नभएमा फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ। यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

### ४.५ कार्यसमिति गठन विधिः

- कार्यसमिति कम्तिमा ७ र वढीमा ९ सदस्यीय हुनेछ,
- कार्यसमितिमा अध्यक्ष सचिव कोषाध्यक्ष तथा सदस्यहरु हुनेछन्,
- आवश्यकताअनुसार उपाध्यक्ष तथा सहसचिवको पनि व्यवस्था गर्न सकिनेछ,
- कार्यसमितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको पहिलो शनिवार हुनेछ तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ,

- कार्यसमितिका पदाधिकारीहरुको कार्य अवधि २ बर्षको हुनेछ,
- कार्यसमितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्यसमितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सकिनेछ,
- कार्यसमितिको कोरम २/३ (दुई तिहाई) लाई मानिनेछ भने निर्णय बहुमतद्वारा हुनेछ,
- साधारणसभाका सदस्यहरुले आफुमध्येबाट सर्वसम्मती वा निर्वाचन प्रकृयाद्वारा अध्यक्ष सचिव कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्यसमिति गठन गर्नेछ । तर अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक पदमा महिला अनिवार्य गरि कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ।

४.६ **कार्यसमितिको काम कर्तव्य र अधिकारः** दफा ४.५ बमोजिम बनेको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- विधानको परिधि भित्र रहि समूहको उद्देश्य अनुरुप साधारणसभाले गरेको नीति निर्देशनलाई पालन गर्ने,
- समूहको वार्षीक कार्यक्रम बनाउने तथा समूहको कृयाकलापहरु सञ्चालन गर्ने,
- सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने,
- सहकारीमा जाने प्रयास गर्ने,
- समूहको कार्ययोजना बनाई लागु गर्ने,
- समूहको वार्षीक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने,

**४.७ समूहको बैठकः**

- समूहको नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिवार बस्नेछ,
- समूह बैठकहरु कार्यसमितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ,
- पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा कारण सहित सोको जानकारी पहिले नै दिनुपनेछ,
- विशेष परिस्थिति बाहेक लगातार तिन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई सहमतीको आधारमा कार्यसमितिबाट निष्काशन गरिनेछ,

## ४.८ पदाधिकारीको काम कर्तव्य र अधिकार

क) **अध्यक्षको काम कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- आवश्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने,
- बैठकको अध्यक्षता तथा नियन्त्रण गर्ने,
- समूहलाई कृयाशिल गराउने तथा उद्देश्य प्राप्तिको लागि आवश्यक कार्य गर्ने,
- कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने,
- विधानमा तोकिए अनुरुप साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारणसभा बोलाउने,
- समूहले तोकेको काम कारवाही गर्ने,
- समूहमा उठेका विवादहरुको समाधान गर्ने,
- समूह र अन्य संघ संस्था तथा सरकारी निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने,
- समूहको निर्णय, कार्यक्रम र क्रियाकलाप भएका कामकारवाहीहरु एवं समस्याहरुको अभिलेख राख्न सचिवलाई सहजिकरण गर्ने,
- वार्षीक कार्योजनाको कार्यान्यन  एवं समूह परिचालनको नेतृत्व लिने,
- समूह बैठकमा भएका निर्णय, वार्षीक साधारण समितिका निर्णय, वार्षीक प्रगति प्रतिवेदन लगाउतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने,
- समूह सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनुका साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्यन गर्न लगाउने,
- सदस्यहरुलाई क्रियाशिल गराई समन्वय र सहकार्य गर्ने,
- समूह सदस्यहरु बिच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने।

ख) **उपाध्यक्षको काम कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- अध्यक्षको कार्यमा सहयोग गर्ने,
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,
- कार्यसमितिले तोकेको कार्य गर्ने,

ग) **सचिवको काम कर्तव्य र अधिकारः** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- अध्यक्षसंगको परामर्शमा बैठक बोलाउने,
- बैठकको तयारी गर्ने,
- समूहको निर्णय पुस्तिका तयार गर्ने,
- समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने,
- समूहको बैठक एवं साधारणसभाद्वारा पारित निर्णयको कार्यान्यनका लागि पहल गर्ने,
- वार्षीक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने,
- समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने,
- कार्यसमितिले तोकेको काम गर्ने।

घ) **कोषाध्यक्षको काम कर्तव्य र अधिकारः** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- समूहको हितकोय रकम नियमित उठाउने र फरफारक व्यवस्थापन गर्ने,
- समूहको सबै कोषको हिसाबकिताब सुरक्षित र दुरुस्त राख्ने,
- समूहको चल अचल सम्पूर्ण सम्पत्तिको सुरक्षाको जिम्मेवारी लिने,
- समूहको वार्षीक बजेट तयार पार्ने,
- साधारणसभामा वार्षीक प्रतिवेदन पेश गर्ने,
- लेखापरिक्षण गराउने,
- समूहको अध्यक्ष वा सचिवसँग मिलि खाता सञ्चालन गर्ने,
- कार्यसमितिले तोकेको अन्य कार्य गर्ने ।

ङ) **कार्यसमिति सदस्यहरुको काम कर्तव्य र अधिकारः**

- आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रही जिम्मेवारी बहन गर्ने,
- कार्यसमितिले तोकेको अन्य कार्य गर्ने।

## ५. आर्थिक व्यवस्था

**५.१ आर्थिक श्रोतः** समूहको आर्थिक स्रोत निम्न अनुसार हुनेछन्ः

- यस समूहका सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क,

- समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी,
- समूहका सदस्यले बचत गर्ने मासिक रकम,
- समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज,
- समूहिक खेती/पालन बाट उत्पादित वस्तुहरुको विक्रीबाट प्राप्त रकम,
- समूह सदस्यले आफ्नो नामबाट गरेको बचत,
- बिलम्ब शुल्क ।

## ५.२ हितकोषः

- श्री ......................................................................कृषक समूहको एक हितकोष हुनेछ। उक्त कोषमा प्रति महिना रु......................./- का दरले प्रत्येक सदस्यहरुले रकम बचत गर्नुपर्नेछ।
- श्री ........................... बैंकको ......................... शाखामा समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको सयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ।

## ५.३ हितकोष परिचालन

- समूह सदस्यहरुलाई आवश्यक पर्दा हितकोषबाट ऋण/सापटी लिन सक्नेछन्,
- सदस्यले ऋण माग गर्न निवेदन दिनुपर्नेछ,
- पशुपालन/कृषि कार्यको लागि लिईएको ऋणमा ............% र अन्य प्रयोजनको लागि लिईने ऋणमा .............% ब्याज लाग्नेछ,
- ब्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक ३ महिना बुझाउनुपर्नेछ,
- हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग आवश्यक खर्च र आन्तरिक लगानीमा विभाजन गर्न सकिन्छ।

### क) आवश्यक खर्चः

- कार्यालय खर्च कापी, कलम, बिल, भौचर, फाईल, रजिष्टर, खाता, पत्रपत्रिका,
- फर्निचर खर्च,
- ढुवानी तथा घरभाडा,

- अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षीक नवीकरण खर्च,
- लेखापरिक्षण खर्च,
- साधारण सभा खर्च,
- विविध समूहको बैठकमा चिया/खाजा आदि।

ख) **आन्तरिक लगानीः** आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बिचको लगानी भन्ने जनाउदछ जस्तैः

- उत्पादनमुलक कार्य उत्पादन तथा उत्पादन सामाग्री खरिद बिक्री,
- आयमुलक कार्य,
- सामाजिक कार्य गर्न जस्तै सफाई अभियान, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, वातावरण संरक्षण आदि,
- सीप विकास,
- बौद्धिक कार्य,
- पूँजी लगानी

**५.४ बिलम्ब शुल्क**

- मासिक बचत रकम तोकेको समयम नतिरेमा पहिलो महिना प्रतिदिन रु ......... बिलम्ब शुल्क लाग्नेछ,
- दोश्रो महिना प्रति दिन रु .......... बिलम्ब शुल्क लाग्नेछ,
- तेस्रो महिना प्रति दिन रु ........... लाग्नेछ,
- चौथो महिनाबाट सदस्यता खारेज हुनेछ।
- प्रत्येक ३ महिना बुझाउनुपर्ने ऋण किस्ता र ब्याज नबुझाएमा पहिलो महिना रु ........... प्रतिदिन, दोश्रो महिना रु............. प्रतिदिन, तेस्रो महिना रु............प्रतिदिन बिलम्ब शुल्क लाग्नेछ। चौथो महिना ऋण रकम र ब्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ।
- एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुःन जमानी बस्ने छैन।
- जमानी सदस्यले ऋण माग गरेमा ऋणी सदस्यले ऋण तिरिसकेपछि मात्र ऋण प्रदान गरिनेछ।

- ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउनेछैन ।
- ऋण लिनको लागि ......................सम्म एक सदस्यको जमानी रु .................... सम्म दुई सदस्य र रु...................... सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

६. **लगानीको सुरक्षणः** कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम् ९०% सम्म ऋण लिन पाउनेछ । यदि व्याक्तिको नाममा संकलित हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य ३ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिनेछ । ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र ब्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यहरु मार्फत असुलउपर गरिनेछ । यसरी पनि असुलउपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाईनेछ।

७. **लेखापरिक्षणः** यस समूहले रजिष्ट्रर्ड लेखा परिक्षण अनिवार्य गराउनुपर्दछ। यसरी गरिएका लेखापरिक्षणहरु वार्षीक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गराउनुपर्दछ। आर्जित मुनाफा सम्पूर्ण सदस्यहरुलाई प्रत्येक बर्षको लेखा परिक्षणपछि निजहरुको हिसाब खातामा जम्मा गर्नुपर्दछ।

८. **विविधः**

८.१ **निर्वाचन सम्बन्धि व्यवस्थाः** यस समूहको कार्यसमिति कायम रहेको अवस्थामा सोही कार्यसमितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकारी नियुक्त गर्दछ। सो निर्वाचन अधिकारीले निर्वाचन अधिकारीमा नियुक्त भएको मितिले एक महिनाभित्र निर्वाचन गराईसक्नुपर्दछ । सो निर्वाचनमा पर्ने खर्च कार्यसमितिले व्यवस्था गर्नेछ। यसमा कार्यसमितिको पदाधिकारीलाई मतादान वा सहमतीद्वारा साधारणसभाको सदस्यहरुले छान्ने छन्।

८.२ **पदावधिः**

- कार्यसमिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ बर्षको हुनेछ,

- सो गठित कार्यसमितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारणसभा बोलाई नयाँ कार्यसमितिको चुनाव गराउन अनिवार्य हुनेछ,
- कार्यसमितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्यावधि समाप्त भएपछि सो कार्यसमितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्यसमितिको गठन गर्नेछ।
- कार्यसमितिको पदावधी समाप्त हुनु अगावै कार्यरत कार्यसमिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्यसमितिले आफ्नो जिम्मामा रहेको सम्पूर्ण कागजपत्र, नगद, जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सोलाई बुझाई सोको भरपाइ लिनुपर्नेछ। सो नगरेमा वा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्यसमितिका अध्यक्ष र सचिव दुवैले ब्यहोर्नुपर्नेछ ।

**८.३ उमेद्वारको अयोग्यता**

- जो कृषि व्यवसायमा छैन,
- जो यस समूहमा नै छैन,
- जसले यस समूहको उद्देश्य विपरित काम गर्दछ,
- जो व्यक्तिको मानसिक अवस्था ठिक छैन,
- फौजदारी अभियोग लागेको तथा प्रमाणित भएको व्यक्ति।

**८.४ अविश्वासको प्रस्तावः** साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्यसमिति विघटन हुनेछ ।तर अविश्वाशको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिनेछैन ।

**८.५ राजिनामाः** यस समूहको अध्यक्षले उपाध्यक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन् कार्यसमितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा बहाली रहिरहनेछन् ।

**८.६ विधान संशोधनः** समूहको विधान संशोधन गर्नुपर्ने आवश्यकता भएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तीमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेश गरिनेछ। उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ। साथै संशोधित विधान हरिनास गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिनेछैन ।

**८.७ नियम बनाउनेः** साधारणसभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**८.८ उपसमितिहरु बनाउनेः** वार्षीक साधारण सभाबाट पारित आफ्ना कार्यक्रमहरु सञ्चालन गर्नको लागि र समूहको उद्देश्य र लक्ष्य प्राप्त गर्नको लागि यस समूहले साधारण सभा एवं कार्यसमितिको बैठकबाट उपसमितिहरु बनाउन सक्नेछ।

**८.९ विघटनः** समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा २ बर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ ।यसरी समूह विघटन भए बचत रकम सम्पूर्ण सदस्यहरुलाई फिर्ता गर्नुपर्नेछ।

**८.१० समूह छोड्नुपर्ने अवस्था/सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः** कुनैपनि सदस्यले समूह छोड्न चाहेको खण्डमा जिजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ ।यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबैभन्दा नजिकको हकवालालाई समूहले दिने ब्याज सहित फिर्ता दिनेछ ।समूहले कुनै संघ/संस्था/कार्यालयबाट पाएको कुनैपनि अवसर, सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई सबै सदस्यले समान रुपमा पाउने गरि वितरण गरिनेछ।

**८.११ समूहको चल अचल सम्पत्तिः** समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्ति समूहको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा न्यायको लागि गाउँपालिकाको न्यायीक समितिमा निवेदन दिन सकिने छ सक्नेछ । सो सन्दर्भमा कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

# अनुसूचीहरु

## अनुसूची १

## कार्य समिती तथा सदस्यहरुको नामवली

हामि श्री ................................................................ कृषक समूह हरिनास गाउँपालिका वडा नं. ......... को .............................. टोलमा गठित संस्थापन कार्यसमितिका पदाधिकारीहरु विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहिछाप गर्दछौं।

| क्र.सं. | पद | नाम/थर | ठेगाना | नागरिकता नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | सदस्य | | | | |
| १२ | सदस्य | | | | |
| १३ | सदस्य | | | | |
| १४ | सदस्य | | | | |
| १५ | सदस्य | | | | |
| १६ | सदस्य | | | | |
| १७ | सदस्य | | | | |
| १८ | सदस्य | | | | |
| १९ | सदस्य | | | | |
| २० | सदस्य | | | | |
| २१ | सदस्य | | | | |
| २२ | सदस्य | | | | |
| २३ | सदस्य | | | | |
| २४ | सदस्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | सदस्य | | | | |

**सल्लाकार सदस्यहरुः**

| क्र.सं. | पद | नाम/थर | ठेगाना | नागरिकता नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | संयजक | | | | |
| २ | सदस्य | | | | |
| ३ | सदस्य सचिव | | | | |

## अनुसूची २

## कृषक समूह सदस्यहरुको बैयक्तिगत विवरण

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. | पद | उमेर | शैक्षिक योग्यता | खेतीयोग्य जग्गा (रोपनी) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | अध्यक्ष | | | | |
| २ | | | | उपाध्यक्ष | | | | |
| ३ | | | | सचिव | | | | |
| ४ | | | | कोषाध्यक्ष | | | | |
| ५ | | | | सदस्य | | | | |
| ६ | | | | सदस्य | | | | |
| ७ | | | | सदस्य | | | | |
| ८ | | | | सदस्य | | | | |
| ९ | | | | सदस्य | | | | |
| १० | | | | सदस्य | | | | |

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. | पद | उमेर | शैक्षिक योग्यता | खेतीयोग्य जग्गा (रोपनी) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| ११ | | | | सदस्य | | | | |
| १२ | | | | सदस्य | | | | |
| १३ | | | | सदस्य | | | | |
| १४ | | | | सदस्य | | | | |
| १५ | | | | सदस्य | | | | |
| १६ | | | | सदस्य | | | | |
| १७ | | | | सदस्य | | | | |
| १८ | | | | सदस्य | | | | |
| १९ | | | | सदस्य | | | | |
| २० | | | | सदस्य | | | | |
| २१ | | | | सदस्य | | | | |

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. | पद | उमेर | शैक्षिक योग्यता | खेतीयोग्य जग्गा (रोपनी) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| २२ | | | | सदस्य | | | | |
| २३ | | | | सदस्य | | | | |
| २४ | | | | सदस्य | | | | |
| २५ | | | | सदस्य | | | | |

# अनुसूची ३
## सदस्यता दरखास्ता फारम

मितिः२०....../......../.........

श्री अध्यक्षज्यू,
श्री...................................................... कृषक समूह,
हरिनास गाउँपालिका, वडा नं............., स्याङ्जा।

विषयः सदस्यता पाँउ।

महोदय,

प्रस्तुत विषयमा म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छुक भएकोले नियम अनुसार सदस्यता प्रदान गरिदिहुन तपसिलको विवरण तथा यस समूहको सदस्यहरुको सिफारीस सहित यो निवेदन पेश गर्दछु।

तपसिलः

नामः.......................................................... ठेगानाः..................................

नागरिकता नं. ............................................... शैक्षिक योग्यताः........................

बाबुको नामः................................................ सम्पर्क नं................................

आमाको नामः............................................... जग्गाको क्षेत्रफलः..............रोपनी

बाजेको नामः................................................

मुख्य कृषि/पशुपान क्षेत्रः..........................................................................................

**समूह सदस्यहरुको सिफारीसः**

१. नामः...................................................... दस्तखतः..............................

२. नामः...................................................... दस्तखतः..............................

निवेदक
नामः
सम्पर्क नं.

अनुसूची ४

ऋण माग फारमको नमूना

मितिः२०......./......../.........

श्री अध्यक्षज्यू,
श्री...................................................... कृषक समूह,
हरिनास गाउँपालिका, वडा नं............., स्याङ्जा।

विषयः ऋण उपलब्ध गराईदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा म यस समूहको सदस्यलाई.......................................................... कामको लागि आवश्यकता परेको रु..................................../- (अक्षरेपीः ............................ .................................................) रकम समूको हितकोषबाट ऋण उपलब्ध गराइदिनुहुन अनुरवध गर्दछु। साथै यसै निवेदनका साथ जमानी सदस्यहरुको सिफारीस पेश गरेको छु। नियमानुसार रु................................/* (अक्षरेपीः ............................................................) ऋणको किस्ता प्रत्येक ३ महिनामा व्याज सहित नियमित बुझाउने छु।

जमानीहरुः

| क्र.सं. | नाम थर | ठेगाना | नागरिकता नं. | सदस्यता नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

निवेदक

नामः

सदस्यता नं.

दस्तखतः

<u>समूह प्रयोजनका लागिः</u>

सदर भए बमोजिम ऋणः रु........................./- अक्षरेपीः..........................................

लिनुपर्ने त्रैमासिक किस्ताः रु........................./- अक्षरेपीः..........................................

ब्याज रकमः रु........................./- अक्षरेपीः..........................................

| | | |
|---|---|---|
| ................... | ................... | ................... |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

# अनुसूची ५

## कृषक समूह ऋण लिएको तमसुकको नमूना

लिखितम् स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं............. निवासी तपसिल लेखिएबमोजिमका मानिसहरुका आगे ऐ.ऐ. ठेगाना निवासी श्री....................................................... को नाति/नातिनी/बुहारी श्री............................................................ को छोरा/छोरी/श्रीमती नागरिकता नं. ........................................ को श्री ................................................... ले ........................................................................ कृषक समूहको नाममा रहेको रकम ........................................................................ कार्य गर्न लिएको रु......................../- (अक्षरेपीः..................................................................) रकम समूहले निर्धारित गरेको व्याजदरमा समूहको नियमानुसार प्रत्येक ३ महिनामा व्याज र किस्ता रकम बुझाउने गरी मिति २०........./........../........... गते भित्र सम्पुर्ण ऋणहरु तिर्ने/बुझाउने भाका राखी समूहको कोषाध्यक्ष श्री................................................................ ज्यूबाट रकम बुझि लिए। माथी कबुलियत गरिएको भाका भित्र साँवा व्याज तिर्ने/बुझाउने छु, यदि तिर्न/बुझाउन सकिन भने मेरो चल/अचल सम्पत्तीबाट नेपाल सरकारको प्रचलित कानून बमोजिम असुल उपर गरी लिएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

ऋणिः

नामः

दस्तखतः

औठाँछापः

साक्षी किनारा सदर

तपसिल

स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं............ निवासी ना.प्र.नं...............................

वर्ष................... का श्री..............................................................

ऐ.ऐ. निवासी ना.प्र.नं.............................. वर्ष............का श्री..........................................

ऐ.ऐ. निवासी ना.प्र.नं.............................. वर्ष............का श्री..........................................

ऐ.ऐ. निवासी ना.प्र.नं.............................. वर्ष............का श्री..........................................

ऐ.ऐ. निवासी ना.प्र.नं.............................. वर्ष............का श्री..........................................

इति सम्वत् २०............. साल ...................... महिना............. गते .......... रोज शुभम्।

## अनुसूची ६

## वार्षिक कार्य योजना

समूहको नामः

ठेगानाः

आ.व.

| क्र.सं. | क्रियाकलाप | इकाइ | लाग्ने अनुमानित बजेट रु. | लागत व्यहोर्ने निकाय र रकम रु. | | | समय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समूह | गाउँपालिका | अन्य | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |